आज मिति २०७८।०३। ३१ गते बिहिवारका दिन दिउँसो १ : ०० बजे परवानीपुर गाउँपालिकाका अध्यक्ष श्री हरि नारायण प्रसाद साह कानु ज्यूको अध्यक्षतामा बसेको आठौ तथा आ.व. २०७८/०७९ को प्रथम गाउँसभाको दोस्रो बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**निर्णय नं. १ :**

यस परवानीपुर गाउँपालिकाकी उपाध्यक्ष श्री सावित्री देवीद्वारा अधिकार प्रत्यायोजन पश्चात गाउँकार्यपालिकाले तोके बमोजिम वार्ड नं.४ का वडाध्यक्ष तथा कार्यपालिका सदस्य श्री गजेन्द्र प्रसाद पटेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रमलाई पारित गर्ने निर्णय गरियो ।

नेपालको संबिधान (२०७२) र राज्यको पुनर्संरचना बमोजिम तीन तहको सरकारको स्वरूप मध्ये जनताको सबैभन्दा नजिकमा रहेर सेवा प्रवाह गर्ने सरकार अर्थात् स्थानीय तहको सरकारको रुपमा रहेको यस परवानीपुर गाउँपालिकाको आठौ अर्थात आ.व.२०७८/०७९ को बजेट पेश गर्न यस गौरवमय सभामा उपस्थित भएको छु । यस गौरवपूर्ण अवसरमा नेपाली जनताले चाहेजस्तो शासन व्यवस्था ल्याउनका लागि विभिन्न आन्दोलनहरुमा जीवन गुमाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु तथा कोरोना भाईरसको महमारीका कारण ज्यान गुमाउनेहरु प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

यस परवानीपुर गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि बहाल पश्चातको आठौ गाउँसभामा सहभागी अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका र गाउसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु र सहभागी सबैलाई हार्दिक अभिवादनका साथै यस गरिमामय सार्वभौम गाउसभामा सबैलाई हार्दिक स्वागत समेत गर्दछु ।

यस परवानीपुर गाउपालिकाक्षेत्रको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन र यहाँका समस्त नागरिकको सुखमय एवं सम्वृद्ध जीवनयापनको लागि यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार हामीलाई सुम्पिनुभएका सम्पूर्ण गाउँवासी बुवाआमा, दाजुभाई र दिदीबहिनीहरु र समस्त शुभेच्छुक र सरोकार पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

स्थानीय नागरिकको प्रत्यक्ष सरोकार स्थानीय तहसँग रहेको छ । वर्तमान संविधान र व्यवस्थाले धेरै अधिकार स्थानीय तहलाई दिएको पनि छ। तदनुरुप कानून तथा कार्यविधिहरु निर्माण भएका छन् र अन्य आवश्यक ऐन, कानुनहरु निर्माण हुने क्रममा छन्। तर पनि स्थानीय तहले राम्ररी काम गर्न विभिन्न चूनौतिको सामना गर्नु परिरहेको अवस्था छ। प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पछि तदनुरुपका सरकार बनेपनि चौथो वर्षमा पनि उचित संख्यामा कर्मचारी तथा नियम कानुनको अभावमा नियमित कार्यसम्पादन तथा योजना संचालनमा अझै कठिनाई भोग्नु परिरहेको अवस्था छ ।

जनप्रतिनिधिहरु निर्वाचित भएर कार्यपालिकासमेत बनिसकेपछि नियमित रुपमा विभिन्न समस्या र चूनौतिहरु जस्तै विषयगत दक्ष जनशक्ति, कार्यालयको लागि चाहिने भौतिक पूर्वाधार, पर्याप्त नियम कानुनको अभावको सामना गर्दै आपसी समझदारी र अनुभवको आधारमा सम्पादन गरिएको हाल सम्मको कामको विश्लेषण गर्ने हो भने संतुष्ट हुन सक्ने थुप्रै आधारहरु छन् । लामो अन्तराल पछि सम्पन्न आमनिर्वाचन पश्चात आफ्ना जनप्रतिनिधि पाउँदा असंख्य अपेक्षा र चाहनाहरु हुनु स्वभाविक नै हुन, यस परिस्थितिमा जनताको आवश्यकता र चाहनालाई प्राथमिकतामा राखी संचालन गरिएको विकासका गतिविधिहरुबाट जनताहरुमा विकासको मामिलामा संतुष्टिको आधार स्थापित भएको छ ।

CamScanner

औधोगिक क्षेत्रको वाहुल्यता रहेको यस पालिकामा विभिन्न चुनौतिका वावजुदपनि विगतको ४ आ.व.हरुमा आमनागरिकको आवश्यकता र चाहना अनुरुप गरेका चौतर्फी विकासका गतिविधीहरुलाई संतोषजनक रुपमा लिन सकिन्छ। यस गाउपालिकाका ५ वटै वडाहरुमा विभिन्न उतार चढावको अवस्था सामना गर्दै गरिएका प्रयासहरु सफल रहेको छ। हालसम्म जस्तो सुकै अवस्थामा पनि निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुबीचको समन्वय र सहकार्यबाट गरिएका सफल प्रयासले स्थानीय तथा बाह्यरुपमा पनि परवानीपुर गाउपालिकाको उच्च मर्यादा कायम राख्न सफल भएका छौ।

विगतका आ.व.हरुमा स्थानीय जनताको आवश्यकता र चाहना अनुसारको योजनाहरुको कार्यान्वयनमा विशेष जोड दिईएको थियो भने आगामी दिनमा स्थानीय गौरवका योजनाहरु संचालन गर्न जोड दिईनेछ।

विगतका गराई र सिकाईबाट पाठ सिक्दै आगामी योजनाहरुको कार्यान्यवनमा थप उर्जा र अठोटका साथ अघि बढन हामी प्रतिबद्ध छौ।

जनप्रतिनिधीहरु निर्वाचित भएर आए पश्चात कतिपय वडाहरुमा भवनको अभावमा कार्यालय संचालनमा एकदमै कठिनाई भोग्नु परेता पनि जनतालाई नियमित र प्रभावकारी सेवा प्रवाह गर्न प्रयत्नशील रहदै वार्ड नं. ४ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरिएको तर कोरोना भाईरसको महमारीको कारण जारी लकडाउनले गर्दा निर्माण कार्य शुरु गरिएको गाउँपालिका भवन तथा परवानीपुर बजारको निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

यसैवीच हामीले परवानीपुर गाउँपालिकालाई एक व्यवस्थित र ५ वर्षे आवधिक योजनामार्फत समृद्धितर्फ अघि बढाउन आवधिक योजना तथा डिजिटल प्रोफाईल निर्माण कार्य सम्पन्न भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नीति निर्देशनको पालना तथा नियमित सम्पर्क एवं सम्वन्ध स्थापित गर्दै विकास र सुशासनका लागि विभिन्न सम्वद्ध पक्षहरुसंग घनिभुत छलफल गर्ने गरेका छौं। विकासमा साझेदारीका लागि छिमेकी परसौनी, विश्रामपुर र फेटा गाउँपालिका लगायतका स्थानीय तहहरुसंग हाम्रो छलफल नियमित रुपमा अघि बढिरहेको छ। त्यस्तै मुलुकका नमूना स्थानीय तहहरुसंग सम्वन्ध विस्तार गर्ने र अनुभवहरु आदानप्रदान सुरु भइसकेको छ।

**परवानीपुर गाउँपालिकाको परिकल्पना, लक्ष्य र रणनीतिहरु**

**उपस्थित सभासदस्य ज्यूहरु,**

हाम्रो यस परवानीपुर गाउपालिकालाई विकसित एवं सम्वृद्ध बनाउन देहाय बमोजिमको सोंच लिइएको छ।

**हाम्रो परिकल्पना:** 'सबैको साथ सबैको विकास'
**वृहत लक्ष्य:** 'जनचाहनामा आधारित दीगो र वातावरण मैत्री विकास'
**रणनितिहरु:** भौतिक पूर्वाधार विकास रणनीति, मानव विकास रणनीति, समाजिक विकास रणनीति र वातावरणीय सन्तुलन विकास रणनीति लगायत विभिन्न रणनीतिहरु तय गर्नेछौं।
हामी आफ्नै विधि, कानुन र रणनीतिको आधारमा आगामी बाटो तय गर्नेछौ।

- गाउपालिका भित्र संचालन हुने कुनैपनि सरकारी वा गैर सरकारी संस्थाको कार्यक्रमलाई सहज रुपमा संचालन गर्न गाउँपालिका संग समन्वय र सहकार्यको नीति अवलम्वन गरिएको छ।

CamScanner

- सामुदायिक विधालयहरुले हकभोग गर्दै आएका सार्वजनिक सम्पतिको संरक्षण अधिकतम एवं प्रभावकारी परिचालन गरि श्रोत अभिवृद्धि गर्नुका साथै सो श्रोतको समग्र सदुपयोग सामुदायिक विधालयको संचालन र व्यवस्थापनका लागि खर्च गर्न निति लिईएको छ ।

- गाउपालिका क्षेत्रभित्र रहेका सामुदायिक विधालयहरुको रिक्त दरवन्दीमा पदपुर्ति यस गाउँपालिकामा जारी रहेको शिक्षा ऐन तथा नियमावली र आवश्यक कार्यविधि एवं प्रकृया अनुरुप मात्र गर्न नीति लिईने छ ।
- यस गाउपालिका अर्न्तगत विभिन्न विषयगत जनशक्तिको कार्य सम्पादन स्तर अभिवृद्धी गर्नका लागि कार्यसम्पादनमा आधारीत सम्झौता (Performance based Agreement) गर्न निति लिईने छ ।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुः**

आ.व.२०७८।०७९ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः त्रिवर्षिय आवधिक योजना, दिगो विकास लक्ष्य, आ.व. २०७८/०७९ को गाउँ सभाबाट पारित नीति, योजना तथा कार्यक्रमहरुले आत्मसात गरेको नमुना गाउँपालिकाको दिर्घकालिन लक्ष्य, गाउँपालिकाले विगत देखि अवलम्बन गर्दै आइरहेको क्षेत्रगत र विषयगत प्राथमिकतालाई नै प्रमुख नीति तथा आधारको रुपमा स्वीकार गरिएको छ। वडास्तरीय बजेट सिमा निर्धारणका लागि वडाहरुलाई भूगोल, जनसंख्या, गरिवी नक्सांकन र पूर्वाधारको अवस्था र आ.व.२०७७/०७८ को कार्य सम्पादनको आधारमा ५० लाख देखि ७० लाखको सिमा निर्धारण गरी सोही बमोजिम प्राथमिकतामा आधारित योजनाहरुको सूची निर्धारण गर्ने पद्धति अवलम्बन गरिएको छ ।

**उपस्थित सभासदस्य ज्यूहरु**

अहिलेको अवस्थामा हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु देखा परेका छन ।

- **राजस्व व्यवस्थापनः** एक समृद्ध र सक्षम गाउपालिका बन्न बिगतका वर्षहरुमा अनुमान गरिएको जस्तो राजश्व संकलन हुन नसकेको तथा कोरोना भाईरसको दोस्रो लहरको कारण गत वर्षको पनि आन्तरिक राजस्व र आयको अवस्था निकै नाजुक देखिन्छ। नयाँ करका क्षेत्रहरु पहिचान गरि राजस्व परिचालन गर्न तथा हाल लागु भएकै करहरु समेत संकलन गर्न ठोस कार्ययोजना बनाइ अगाडी बढ्नु पर्ने चुनौति रहेको छ ।
- **जनशक्ति व्यवस्थापनः** राज्यको पुनर्संरचनाको क्रममा साविकको ४ वटा गा. वि. स. हरु मिलेर यो गाउपालिका बनेकोमा दरबन्दी बमोजिमका कर्मचारी पदपूर्ति भैनसकेको तथा कर्मचारी समायोजन प्रक्रियाबाट समेत पनि जनशक्ति व्यवस्थापन हुन नसकेको अवस्थामा आवश्यक जनशक्ति अभावले सेवाप्रवाहमा रहेको चुनौतिलाई मध्यनजर गर्दै गाउपालिकाले लिएको लक्ष्य र उद्देश्य अनुरुप थप जनशक्ति व्यवस्थापन गर्नु परेको छ ।
- **भौतिक संरचना व्यवस्थापनः** केही वडा कार्यालयहरुको भवन नभएकोले राम्ररी व्यवस्थित गर्न सकिएको छैन । कमजोर आर्थिक अवस्थाका बावजुद गाउँकार्यपलिकाको कार्यालय तथा वडा कार्यालयको आफ्नै भवन बनाउनु पर्ने कुरालाई मध्यनजर गरी वडा नं. ४ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरी बाँकी रहेको वडा कार्यालय भवन निर्माणका लागि प्रयत्नरत छौ ।

CamScanner

- **सार्वजनिक निर्माणको गुणस्तरीयता :** सार्वजनिक संरचना कमसल प्रकृतिको हुने, छिट्टै भत्किने जस्ता गुनासाहरु सुन्नु नपरोस भन्ने कुरालाई ध्यानमा राखी सार्वजनिक निर्माणको गुणस्तरीयता कायम राख्नुपर्ने कार्य पनि चुनौतिपूर्ण देखिन्छ ।
- **जनप्रतिनिधिको क्षमता विकास:** बिगत लामो अवधिको राजनीतिक प्रतिनिधित्वको शुन्यता पश्चात निर्वाचित भै आएका जनप्रतिनिधिहरुलाई प्रशासनिक गतिविधि एवं गाउँपालिका संचालनको कार्यविधि बारे पूर्णरुपले अभिमुखीकरण गराउनुपर्ने भएकोले जनप्रतिनिधिहरुको क्षमता विकास पनि अपरिहार्य देखिन्छ ।
- **न्यूनतम संरचना विकास:** गाउँपालिकालाई चाहिने न्युनतम आधारभूत संरचना जस्तै कार्यालय भवन, बजार भवन,अस्पताल, खेलमैदान, कभर्डहल लगायतको संरचना बेगर गाउँपालिकाको अस्तित्व माथि नै प्रश्नचिन्ह खडा हुने देखिएकोले ति संरचना निर्माण कार्यमा तीब्रता दिनु पर्ने चुनौति देखिन्छ ।

**उपस्थित सभासदस्य ज्यूहरु**

हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि आगामी दिनमा उद्देश्य आवश्यक्ता अनुकुल कानुन निर्माण गरी योजना बनाउने तथा वित्तीय लगायतका अधिकार प्राप्तिले अवसर समेत सिर्जना गरेको छ। प्राप्त अवसरहरुको सदुपयोग गर्दै देखा परेका चुनौति सामना गर्नेगरि आर्थिक वर्ष २०७७/०७८ को बजेट तयार गरिएको छ । यस बजेटले लिएका उद्देश्य देहाय बमोजिम रहेका छन ।

- गाउँपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुच अभिवृद्धि सुनिश्चित गर्ने ।
- समृद्ध र नमुना गाउँपालिका बन्न आवश्यक पर्ने संरचना एवं पूर्वाधार निर्माण गर्ने ।
- दिगो विकासका लक्ष्यहरुलाई आत्मसाथ गर्दै नमुना गाउँपालिका बन्ने बाटोमा अग्रसर हुने ।
- सबैको लागि शिक्षा, आय आर्जन तथा क्षमता विकासको क्षेत्रमा सकृय हुने ।
- बाँकी रहेका अवश्यक ऐन, कानुन र कार्यविधिहरु कार्यपालिका तथा गाउँ सभाबाट स्वीकृत गराउने ।

यी उद्देश्यहरु हासिल गर्नका लागि देहाय बमोजिमका प्राथमिकता निर्धारण गरेका छौं ।

- जनचाहनामा आधारित विकासका गतिविधि संचालनमा बढी जोड दिईने ।
- गाउँ गाउँमा सडक संजाल स्तरोन्नति
- शहरी भौतिक संरचना निर्माण
- शीपयुक्त जनशक्ति विकास
- सुरक्षित प्रसुति सेवा
- सहकारीको माध्यमले उत्पादन तथा उत्पादकत्वमा वृद्धि, स-साना पूंजी परिचालन, लघु उद्यम प्रवर्द्वन
- कृषि क्षेत्रमा सुधार
- पर्यटन पूर्वाधार विकास र प्रवर्द्वन
- बजार अनुगमन र नियमन
- सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन

CamScanner

- दिर्घकालिन फोहर व्यवस्थापन
- शिक्षा,स्वास्थ्यमा सुधार
- स्वच्छ खानेपानीको व्यवस्थापन
- महिला सशक्तिकरण
- सुशासन,पारदर्शिता, जवाफदेहिता र सेवाप्रवाहमा सुधार
- लक्षित वर्ग कार्यक्रम संचालनमा जोड
- हरियाली प्रबर्द्धन र वातावरण संरक्षणका लागि बृक्षारोपण तथा वन विकासमा जोड

**उपस्थित सभासदस्य ज्यूहरु,**

यस परवानीपुर गाउँपालिकालाई विकास तर्फ डोऱ्याउदै एक समृद्ध गाउँपालिकाको रुपमा विकसित गर्ने परिकल्पना अनुरुप कोरिएको विकासको खाका स्वरूप आ.व २०७८/०७९ को वजेट तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गर्न चाहन्छु ।

**क्षेत्रगत नीति तथा आधारहरुः**

**१. आर्थिक बिकास क्षेत्रः**

आर्थिक क्षेत्र अन्तर्गत गाउपालिका भित्र कृषि, पशु, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र सुधार जस्ता क्षेत्रसंग सम्वन्धित कार्यक्रम तथा योजनाहरु समावेश गरिएको छ । यस क्षेत्रको नीति, कार्यक्रम तथा बजेट विनियोजन गर्दा मूलतः नेपाल सरकारे आ.व. २०७८/०७९ को बजेट तर्जुमा गर्दा अवलम्बन गरेको नीति तथा बजेट विनियोजनलाई नै आधार बनाईएको छ भने संघीय सरकारले तय गरेको वित्तिय समानीकरण, शशर्त तथा निशर्त अनुदान, संघीय तथा प्रदेश सरकारबाट प्राप्त समपूरक तथा विशेष अनुदान, राजश्व बाँडफाँड, प्राकृतिक स्रोतको रोयाल्टी, परवानीपुर गाउँपालिकाको आफ्नै आन्तरिक आय शीर्षकमा अनुमान गरिएका रकमको आधारमा गाउँपालिकाले आर्थिक विकासका क्षेत्रमा कार्यक्रम तथा बजेट विनियोजन गरेको छ ।

१.१ कृषि

मानव जातिद्वारा उपहास गरिएको कृषिलाई विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाईरसको महामारीले सवैभन्दा उत्तम साधनको रुपमा प्रमाणित गरेको अवस्थामा यसको आधुनिकिकरण र व्यवसायीकरण विना अर्थतन्त्र सुधार गर्न नसकिने यथार्थतालाई आत्मसाथ गर्दै कृषिको आधुनिकिकरण तथा व्यवसायीकरण कार्यक्रमलाई प्राथमिकता दिईएको छ । कृषि प्रणालीलाई बैज्ञानिक, व्यवसायिक र जलवायू अनुकुलित बनाउदै आर्थिक बृद्धिको आधार तय गरिनेछ ।

CamScanner

- ✓ वडा अनुसारको तुलनात्मक र प्रतिस्पर्द्धी लाभको उत्पादन पहिचान गरी उत्पादनका साधनहरुको समूचित वितरणका माध्यमबाट कृषि उत्पादन बृद्धि गरिनेछ ।
- ✓ नियमित प्राविधिक सुविधा र उपयूक्त कृषि सामाग्रीको सुविधा मार्फत कृषकलाई उत्प्रेरित गरिनेछ ।
- ✓ कृषि सहकारीको क्षमता अभिबृद्धि तथा विकास गर्न उपयूक्त कार्यक्रम संचालन गरिनेछ ।
- ✓ सुपथ र सहज तरिकाले उन्नत जातको जैविक मल, बीउ, जैविक विषादि, उपलब्ध गराउन सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- ✓ मेवा, केरा र स्वेजनको व्यवसायिक खेतिमा जोड दिईनेछ ।
- ✓ कृषि कार्यको लागि नभई नहुने सिंचाई कार्यको लागि स्यालो ट्यूववेल जडान कार्यलाई अगाडि बढाईनेछ ।
- ✓ यस गाउपालिकाक भित्र रहेका सिंचाईका श्रोतहरु जस्तै : नहर, पोखरी, पैनी सरसफाई तथा कुलो निर्माण कार्यलाई यस वर्ष झै आगामी वर्षमा पनि निरन्तरता दिईनेछ ।
- ✓ पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न प्रभावकारी एवं गुणस्तरीय पशु चिकित्सक सेवा उपलब्ध गराईनेछ ।
- ✓ गाउभित्र दर्ता रहेका कृषि समूहहरुसंग सहकार्य गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ ५० प्रतिशत अनुदानमा धान र गहुँको बीउ उपलब्ध गराईनेछ ।
- ✓ ७५ प्रतिशत अनुदानमा स्प्रेयर ट्यांकी उपलब्ध गराईनेछ ।

**१.२ सहकारी**

- ✓ सहकारी दर्ता तथा नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- ✓ यस परवानीपुर गाउपालिका भित्र दर्ता भएका सहकारीहरुको अवस्था विश्लेषण गरी सो प्रभावकारी नियमन गरिनेछ ।
- ✓ सहकारी चेतनाको अभिबृद्धि गर्न सहकारी संस्थाहरुको संचालनका लागि ज्ञान र शीप विकास गर्दै बचत गर्ने विकास गर्न जानकारी मूलक एवं सचेतनामूलक क्रियाकलाप संचालन गरिनेछ ।

१.३ उद्योग

CamScanner

- ✓ गाउपालिका भित्र संचालित रही हालसम्म पालिकामा व्यवसाय दर्ता नगराएका उद्योगहरुलाई दर्ताको लागि विशेष पहल गरिनेछ ।
- ✓ लघु तथा घरेलु उद्योग प्रबर्द्धन गर्न सचेतना, शीप विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ पिछडिएका ग्रामीण महिला लक्षित उद्यमशीलतामा जोड दिईनेछ ।
- ✓ मेडपासंगको सहकार्यमा गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी स्थानीयस्तरमा माँगमा आधारित उद्यमशीलताको लागि नयाँ उद्यमी सिर्जना गरिनेछ ।
- ✓ बजार अनुगमन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- ✓ यस परवानीपुर गाउँपालिका भित्र स्थापना भएका तथा स्थापना हुने उद्योगहरुसंग समन्वय गरी Social Corporate Responsibility को लागि पहल गरिनेछ ।
- ✓ यस परवानीपुर गाउँपालिका भित्र संचालनमा रहेको तथा स्थापना हुने उद्योगहरुमा नियानुसार व्यवसाय तथा प्रदुषण कर लगाईनेछ ।

## २. सामाजिक बिकास क्षेत्रः

यस क्षेत्रले समग्र सामाजिक विकासको आधार शिक्षा, स्वास्थय, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, यूवा तथा खेलकुद,मनोरंजन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक जवाफदेहिता जस्ता क्षेत्रलाई समेटेको छ । यसमा संक्रमणकालिन व्यवस्थापन अन्तर्गत आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रमा वित्तिय समानीकरण अन्तर्गत प्राप्त अनुदानलाई गाउँपालिकाले निर्धारण गरेको प्राथमिकताको आधारमा क्षेत्रगतरुपमा समूदाय परिचालन गरी गाउँपालिका क्षेत्रभित्र टोल विकास संस्था, आमा समूह, महिला स्वयंसेविका, वाल संरक्षण समिति, वाल क्लब, किशोरी समूह, जेष्ठ नागरिक, एकल महिला जस्ता संजालहरुको क्रियाशीलता, संजाहरुको संस्थागत विकास एवं शशक्तिकरण, परवानीपुर शहरलाई नमूना बनाउने अवधारणा अनुसार समृद्ध गाउँपालिका निर्माण गर्न क्रियाशील संस्थाहरुको सहकार्य अहम महत्वका विषयहरु हुन । यसै गरी वालमैत्री, वातावरणमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री गाउँपालिका निर्माणका साथै गैससहरुको कामलाई गाउँपालिकाको घोषित नीति अनुसार समन्वय र आयोजना तथा कार्यक्रम संचालन गर्दा समान प्रकृतिका काम गर्ने सरोकारवालाहरु बीच संयूक्त कार्ययोजना तर्जूमा जस्ता क्षेत्र समावेश गरिएको छ ।

### २.१ शिक्षा

- ✓ विद्यालय क्षेत्र विकास कार्यक्रम मार्फत विद्यालय शिक्षालाई समतामूलक र गुणस्तरीय बनाउदै विद्यालयको व्यवस्थापकीय क्षमता अभिबृद्धि गरिनेछ ।
- ✓ प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रम संचालनमा जोड दिईनेछ ।
- ✓ वालमैत्री तथा वातावरणमैत्रीको अवधारणालाई प्रभावकारी वनाईनेछ ।

CamScanner

- ✓ गाउँपालिकामा भएका सामुदायिक विद्यालयहरुमा बाल विकास शिक्षा प्रभावकारी बनाउन विशेष पहल गरिनेछ र बालविकास सहयोगीहरुको हाल कायम रहेको सेवा सुविधा नेपाल सरकारद्वारा कायम गरिएको रु. १५ हजार मध्ये रु. ८ हजार नेपाल सरकारबाट प्राप्त हुने तथा अपुग रकम मासिक रु. ७ गाउँपालिकाबाट उपलब्ध गराईनेछ ।
- ✓ गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा विद्युतीय हाजिरी व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- ✓ विद्यालहरुको आवश्यकता हेरी पूर्वाधार निर्माण, अधुरो योजना निर्माण तथा अन्य भौतिक व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरी पुरा गरिनेछ ।
- ✓ छात्राको अनुपस्थिति दर घटाउन महिला मैत्री शौचालय तथा निःशुल्क सेनिटरी प्याड वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- ✓ यस गाउँपालिका क्षेत्रका विद्यालयहरुमा भएका विद्यार्थी संख्या तथा शिक्षक दरवन्दीको अनुपातलाई अध्ययन गरी गाउँपालिकास्तरीय शिक्षा समितिको सिफारिशमा अपुग संख्यामा थप शिक्षक भर्ना गरिनेछ र सेवा करार तथा निजी श्रोतमा कार्यरत शिक्षकहरुको थप सेवा सुविधाको व्यवस्था मिलाईनेछ ।
- ✓ विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालनका लागि बजेट विनियोजन गरी संचालन गरिनेछ ।
- ✓ यस परवानीपुर गाउँपालिकामा रहेको विद्यालयहरुको आवश्यक प्रकृया पुरा गरी स्तरोन्नति गरिनेछ ।

## २.२ स्वास्थ्य

- ✓ सम्पूर्ण गाउँवासीहरुमा गुणस्तरीय स्वास्थ्य सेवा सहजरुपमा उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिनेछ ।
- ✓ गाउँपालिकाभित्र विशेषज्ञ चिकित्सक सहितको अत्याधुनिक स्वास्थ्य सेवा उपलब्धताका लागि सुविधा सम्पन्न अस्पताल निर्माणका लागि विशेष पहल गरिनेछ ।
- ✓ दैनिक रुपमा देखिएको रगतको अभावलाई परिपूर्ति गर्न **अध्यक्ष जीवन रक्षा योजना अन्तर्गत** गाउँपालिकामा रक्तदान कार्यक्रम संचालन गरिनेछ ।
- ✓ परवानीपुर गाउँपालिका वार्ड नं. ४ मा अवस्थित रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पतालसंग सहकार्यगरी **अध्यक्ष नेत्र ज्योति योजना** अन्तर्गत प्रत्येक वर्ष झै आगामी आ.व. मा पनि मोतियाविन्दूको अपरेशनमा सहयोग उपलब्ध गराईनेछ ।
- ✓ मातृ तथा शिशु मृत्यूदर न्यूनिकरण गर्न आ.व.२०७८/०७९ मा कम्तीमा २ वटा बर्थिङ्ग सेन्टरको निर्माण सम्पन्न गरी संचालन गरिनेछ ।
- ✓ बर्थिङ्ग सेन्टरमा सेवा लिन आउने आमालाई गाउँपालिकाबाट पोषणयूक्त खानाको लागि थप व्यवस्था गरिनेछ ।
- ✓ बहुक्षेत्रिय पोषण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आ.व. २०७७/०७८ मा नेपाल सरकार, यूनिसेफ लगायतबाट प्राप्त हुने अनुदान बाहेक गाउँपालिकाबाट समेत थप रकम विनियोजन गरिनेछ ।
- ✓ स्वास्थ्य सेवामा गुणस्तर कायम गर्न नियमित अनुगमन गरिनेछ ।
- ✓ स्वास्थ्य संस्थाहरुलाई भौतिक र प्रविधिको रुपमा सवल बनाईनेछ ।
- ✓ लामखुट्टेबाट बच्न नियमित रुपमा औषधी छर्ने व्यवस्था मिलाईनछ ।
- ✓ महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च राख्न यातायात खर्चको रुपमा प्रदान गरिंदै आएको जनही मासिक रु. १०००।०० लाई आ.व. २०७७/०७८ देखि दोब्बर (मासिक २०००) गरिएकोमा आ.व. २०७८/०७९ मा पनि सो कार्यलाई निरन्तरता दिईनेछ ।
- ✓ पूर्ण खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

CS CamScanner

### २.३ खानेपानी तथा सरसफाई

- ✓ सफा पानी, सुरक्षित जिन्दगानी अन्तर्गत खानेपानीको लागि चापाकल जडान कार्य बृहत रुपमा संचालन गरिनेछ ।
- ✓ प्रदेश सरकार, प्रदेश नं. २ ले घोषणा गरेको स्वच्छता अभियानलाई सफल बनाउन गाउस्तरीय फोहोर व्यवस्थापनको व्यवस्था मिलाईनेछ ।
- ✓ वालमैत्री तथा वातावरण मैत्री स्थानीय शासन कार्यक्रमलाई प्राथमिकताका साथ संचालनमा ल्याईनेछ ।
- ✓ यस गाउपालिमा जडान भएका धाराहरुको पानीको आर्सेनिक जाँच योजना प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

### २.४ संस्कृति प्रबर्द्धन र सम्बर्द्धन

- ✓ परम्परागत संस्कति संरक्षणमा जोड दिईनेछ ।
- ✓ विभिन्न धर्मावलम्बीहरुले मनाउने चाड पर्वको प्रवर्द्धनमा जोड दिईनेछ ।
- ✓ भोजपुरी भाषलाई दोस्रो कामकाजी भाषाको रुपमा विकास गरिनेछ ।
- ✓ स्थानीयस्तरमा घरेलु रक्सी उत्पादन तथा बेच विखन कार्यलाई न्यूनिकरण गरिने छ ।

### २.५ खेलकुद तथा मनोरंजन

- ✓ यूवाहरुको विकासको लागि खेलकुद पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- ✓ विभिन्न खेलकुद प्रतियोगिता संचालनमा जोड दिईनेछ ।
- ✓ जिम, क्रिकेट, फुटबल तथा कबडी खेललाई प्राथमिकतामा राखी संचालन गरिनेछ ।

### २.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- ✓ महिलाहरुको श्रम, शीप, रोजगारी र नेतृत्व विकास गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- ✓ जेष्ठ नागरिकको संरक्षण, हेरचाह तथा स्वास्थ्योपचारका लागि "सामाजिक सुरक्षा भत्ता" सम्बन्धित व्यक्तिको खातामा जम्मा गर्ने कार्यलाई अझ व्यवस्थित बनाईनेछ ।
- ✓ एकल महिलाहरुको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ✓ प्रदेश सरकार, प्रदेश नं. २ को "बेटी पढाऔ, बेटी बचाऔ " अभियानलाई सफल बनाउन २०७५ श्रावण १ गतेदेखि नै संचालनमा रहेको यस वालिका उत्थान योजना आ.व.२०७७/०७८ मा पनि संचालन गरिनेछ । जस अन्तर्गत परवानीपुर गाउँपालिका भित्र छोरी जन्मिदा ३५ दिन भित्र जन्म दर्ता गराई गाउँपालिकामा निवेदन दिने अभिभावकबाट रु.५००० जम्मा गरी नेपाल बंङ्गलादेश बैंकमा खाता खोली भौचर सहित गाउँपालिकामा पेश गरेमा गाउँपालिकाबाट रु. ११,५५१।०० गरी जम्मा १६,५५१।०० बीस वर्षको लागि जम्मा गरिनेछ ।
- ✓ गाउँपालिका भित्र छोरीलाई स्नातक उतिर्ण गराई विवाह गर्ने अभिभावकलाई "अध्यक्ष सगुन योजना" अन्तर्गत रु. ५१,०००।०० पुरस्कार स्वरुप दिईनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्र

पूर्वाधार विकास क्षेत्र अन्तर्गत स्थानीय सडक, पुल, सिंचाई, भवन तथा शहरी विकास, सडक बत्ती तथा ऊर्जा क्षेत्रमा दिगो विकासको नीति लिईएको छ । सडक संजाललाई विशेष प्राथमिकतामा राखी यस वर्ष

CamScanner

पनि स्थानीय तहका सडकहरु फराकिलो, नया सडक निर्माण र पक्की बनाउने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

### ३.१ सडक

- ✓ गाउँपालिकाका सवै वडाहरुलाई सडक संजालसंग जोड्न रिङ्ग रोडको अवधारणा अनुरुप सडक गुरुयोजना तयार गरिनेछ ।
- ✓ विभिन्न वडाहरुमा भईरहेको गल्लीको सडकहरुको ढलान तथा आवश्यकता अनुसारको नाला निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- ✓ सडक बोर्ड नेपाल तथा शहरी विकास योजनासंग समन्वय गरी सडक मरम्मत तथा स्तरोन्नतिको लागि समपूरक कोषको व्यवस्था गरिनेछ ।
- ✓ प्रदेश सरकार, प्रदेश नं. २ भौतिक पूर्वाधार विकास मंत्रालयद्वारा विनियोजित बजेटबाट निर्माण भईरहेको परवानीपुर–प्रसौनी सडकखण्ड अन्तर्गत मुसहरीमा रहेको नहरको पूल निर्माण कार्य सम्पन्न गरिनेछ ।
- ✓ नयाँ सडक तथा कृषि सडक निर्माणमा जोड दिईनेछ ।

### ३.२ पुल पुलेसा

- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका पुल पुलेसाहरु मर्मत, नयाँ निर्माण आवश्यकता अनुसार, जनताको माँग अनुसार र प्राथमिकताको आधारमा गरिनेछ ।

### ३.३ सिंचाई

- ✓ आवश्यकतामा आधारित साना सिंचाईका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ स्यालो ट्यूववेल जडान कार्यलाई प्राथमिकता दिईनेछ ।

### ३.५ सडक बत्ती जडान

- ✓ गाउपालिका भित्र रहेका विभिन्न कार्यालयहरु जस्तै :– गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य चौकीहरुमा संस्थागत सोलार जडानको लागि बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र संग समन्वय एवं सहकार्य गरिनेछ ।
- ✓ माँगको आधारमा गोबर ग्याँस जडान कार्यलाई प्राथमिकता दिईनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :

वातावरण स्वच्छ राख्न, यसको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न सार्वजनिक ऐलानी, पर्ती जग्गाहरुमा स्थानीय जनसमुदायको आवश्यकतालाई मध्यनजर गरी गाउँ/नगर वनको विकास गरिनेछ। साथै शीतलहर, बाढी पहिरो, भू–क्षय, आगलागी तथा प्राकृतिक विपदहरुको व्यस्थापन तदारुकताका साथ गरिनेछ।

- ✓ अत्यधिक शीतलहर तथा जाडोको समयमा जेष्ठ नागरिक तथा विद्यालयका बच्चाहरलाई न्यानो कपडा, आवश्यक सामाग्री वितरणको योजना अगाडि बढाईनेछ ।

CamScanner

- ✓ अन्य भैपरि आउने विपद्को समयमा आवश्यक समाधानका लागि गाउँपालिकामा रहेको प्रकोप तथा विपद् व्यवस्थापन कोषमा हरेक वर्ष झै यस आगामी आ.व. मा पनि रकम जम्मा गरिनेछ ।

## ४.१ वन तथा भू–संरक्षण

### ४.१.१ जैविक विविधता, प्राकृतिक श्रोतहरुको सम्बर्द्धन र नगरवन

जीवन र जगतको निरन्तरताका लागि जैविक विविधता अनिवार्य छ । त्यसका लागि प्राकृतिक श्रोतको सम्बर्द्धनमा ध्यान दिईनेछ । सार्वजनिक जग्गाहरुमा एक गाउँ एक वनको अवधारणा अनुरुप विकास गरिनेछ ।

- ✓ वन विनास र वनको क्षयीकरण रोक्दै वन संरक्षण, बृक्षारोपण जस्ता कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।
- ✓ कृषि योग्य जमीनमा आवाशीय प्रयोजनका लागि प्लटिङ्ग गर्ने कार्यलाइ नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाईनेछ ।
- ✓ सार्वजनिक तथा निजी जग्गामा वन विकास कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी संचालन गरिनेछ ।
- ✓ नर्सरी स्थापनामा सहयोग, विरुवा खरीद गरी निःशुल्क वितरणको प्रकृया अगाडि बढाईनेछ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र उपयूक्त स्थान छनौट गरी उद्यान निर्माण कार्यलाई अगाडि बढाईनेछ ।
- ✓ जिल्ला वन कार्यालय लगायत अन्य निकायहरुसंग समन्वय एवं सहकार्य गरी थप वन विकासका कार्यहरु संचालन गर्नका लागि गाउँपालिकाबाट बढीमा २५ प्रतिशत सम्म लगानी गर्नका लागि समपूरक कोषमा रकम विनियोजन गरिनेछ ।
- ✓ एक घर एक रुख अभियान तदारुकताका साथ अगाडि बढाईनेछ ।

## ४.२ नदि नियन्त्रण

- ✓ यस गाउँपालिकामा बग्ने अव्यवस्थित बहावका कारण विभिन्न समस्याहरु देखा परिरहेका छन् । चुरे देखि बग्ने मूख्य नदि दुधौरा र सिर्सिया नहरका कारण सयौ विघा जमिन कटानी र कैयन बस्तीहरु जोखिममा पर्न सक्ने भएकोले नदि तट व्यवस्थापनलाई प्रभावकारी बनाउने र व्यवसायिक वनमार्फत नदी तटको जमिनको संरक्षण र उपभोगमा ध्यान दिईनेछ ।

## ४.३ विपद् व्यवस्थापन

- ✓ गाउपालिका भित्र प्राकृतिक प्रकोप लगायत सम्भावित विपद्हरुको व्यवस्थापनका लागि रणनीति तयार गरी उचित श्रोतको व्यवस्थापन गरिनेछ । शितलहर, बाढी पहिरो, भू–क्षय, आगलागी तथा अन्य प्राकृतिक विपद्रहरु प्रति संवेदनशील भई समूचित व्यवस्थापन गरिनेछ । विपद् व्यवस्थापनका लागि र विपद् प्रभावितहरुको लागि राहत व्यवस्थापन तुरुन्त गर्ने नीति अवलम्बन गरिनेछ ।

## ५. लक्षित समूदाय

- ✓ दलित, गरीब, महिला, वालवालिका, पिछडावर्ग, अपाङ्ग, तथा बेरोजगार यूवाहरुलाई लक्षित गरी जिविकोपार्जन तथा शीपमूलक तालिमहरु संचालनमा जोड दिईनेछ ।

CamScanner

✓ शिक्षित, सक्षम र शारीरिक रुपमा कमजोर व्यक्तिहरुको लागि लोक सेवा तयारी कक्षाका साथै विभिन्न शीपमूलका तालिम पश्चात यूवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

## ६. संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र

आजको यूग सूचना प्रविधिको यूग हो र अव हामी डिजिटल प्रविधिको चरणमा छौ । वेवसाईट र सामाजिक संजालको प्रवाहले सूचना तथा संचारको विस्तार र महत्व बढाएको छ । हात हातमा मोवाईल, घर घरमा वाईफाई र संचारका अन्य साधनहरुको विकासले सूचना, विकास र समृद्धिको प्रवाहीकरण तीव्र बनेकोछ । गाउँपालिका र नागरिकबीच छोटो र जीवन्त सम्पर्क स्थापित भईरहेको कार्यलाई अझै प्रभावकारी बनाईनेछ । गाउँपालिका तथा सो मातहतका कार्यालय भएका क्षेत्रहरुमा फ्रि वाईफाई जोन र अन्य माध्यमबाट प्रविधिको स्थानीयकरण गरी विकासलाई दीगो र प्रभावकारी बनाउन ध्यान दिन सकिनेछ । हाल गाउपालिकाका ५ वटै वडा, २ वटा मा.वि., स्वास्थ्य चौकीहरुमा भएको ईन्टरनेट सेवालाई समय सापेक्ष अझ व्यवस्थित गरिनेछ । गाउपालिकाका सम्पूर्ण विवरणहरु अनलाईन राख्ने र सम्पूर्ण विवरणलाई विधुतीय रुपमा जोडने कार्यलाई प्राथमिकता दिईनेछ । गाउँपालिकालाई व्यवस्थित बनाउन चुस्त दुरुस्त सेवा प्रवाह, पारदर्शी कार्यप्रणाली र जनमैत्री तथा सेवाग्राहीमैत्री प्रशासनिक व्यवस्था गरिनेछ । गाउँपालिकाबाट प्रकाशित सामाग्री, सूचना तथा निर्णयहरु एकीकृत रुपमा विधुतीय माध्यमबाट समेत उपलब्ध गराउने गरी वेवसाईट व्यवस्थित रुपले संचालन गरिनेछ साथै सेवा प्रवाह प्रविधिमैत्री बनाउन मोवाईल एप्स संचालनमा ल्याउन प्रयास गरिनेछ र साथै गाउँपालिकाका गतिविधि तथा अन्य सूचनाहरु नियमित रुपमा डिजिटल डिस्प्ले मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

✓ **कार्यालय र सेवा प्रवाह :** गाउँपालिकाको भवन निर्माण कार्यलाई आ.व.२०७८/०७९ मा तीव्र गतिमा अगाडि बढाईनेछ । सेवा सुविधाको विविधता र प्रभाव हेरेर विभागिय रुपमा अघि बढाईनेछ । गाउँपालिकामा दैनिक रुपमा सम्पादन गर्नुपर्ने कामको चाँप बढी तथा भाडामा रहेको गाउँपालिका भवनमा ठाउँ एकदमै कम भएकोले परवानीपुर गा.पा. वार्ड नं. ३ गुदरी बजारमा गाउँपालिकाकै नाममा दर्ता रहेको जग्गामा उपयूक्त र सुविधा सम्पन्न भवन गाउपालिकाकै बजेट बाट निर्माण प्रारम्भ गरिएको छ । गाउँपालिका तथा वडा कार्यालयहरुको संचालन र व्यवस्थापनलाई अत्याधुनिक, प्रविधिमैत्री र अपाङ्गमैत्री बनाई सेवा सुविधालाई प्रभावकारी बनाईनेछ । गाउँपालिकाको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यासलाई नमूनाको रुपमा अघि बढाईनेछ । थप आवश्यक कानुन, कार्यविधिी हरु निर्माण गरी लागु गरिनेछ । गाउँपालिका तथा वडा कार्यालयहरुलाई सुशासनयूक्त, भ्रष्टाचाररहित र नागरिक जवाफदेहितायूक्त बनाईनेछ । कर्मचारहिरुलाई काममा प्रोत्साहन गरिनेछ र आवश्यक दरबन्दी, सेवा सुविधा, मूल्यांकन तथा पुरस्कारको उचित व्यवस्था गरिनेछ ।

✓ **वित्तिय व्यवस्थापन :** वित्तिय जोखिम न्यून गर्न आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्नुका साथै आन्तरिक लेखापरिक्षण कार्यलाई प्रभावकारी बनाईनेछ ।

✓ **जग्गा व्यवस्थापन** : जग्गा व्यवस्थापन परवानीपुर गाउँपालिकाको प्रमुख समस्या हो । अधिकाँश सार्वजनिक, ऐलानी तथा पर्ति जमिन अतिक्रमणमा परिरहेका छन् । ती सबै जग्गाहरुको वास्तविकता अध्ययन गरी चलनचल्तीमा ल्याउन सम्बन्धित पक्षसँग पहल गरिनेछ । ऐलानी र पर्ति जमिनको व्यवस्थापन गर्ने,

CamScanner

सार्वजनिक जग्गाको संरक्षण गरी सार्वजनिक हितका लागि संरचना निर्माण गर्ने र अन्य माध्यमबाट जग्गाको अधिकतम् सदुपयोगको लागि विशेष ध्यान दिईनेछ ।

- ✓ **आवास तथा शहरीकरण** : परवानीपुर गाउँपालिका क्षेत्रको आवास तथ शहरीकरणलाई व्यवस्थित गर्न हरसम्भव प्रयास गरिनेछ। सबै घरहरुमा स्वच्छ खानेपानी वितरणको व्यवस्था मिलाउन चापाकल जडानको लागि थप बजेट विनियोजन गरिनेछ। नियमित रुपमा फोहोरमैला संकलन तथा व्यवस्थापनको व्यवस्था मिलाईनेछ । सामुदायिक सरसफाईसम्बन्धी चेतनामूक कार्यक्रमहरु संचालन गरिनेछ । फोहोरमेला व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरी ल्याण्डफिल्ड साईट तयार गर्ने तर्फ ध्यान दिईनेछ। भवन निर्माण आचारसहिंता लागु गरी आवास तथा भौतिक निर्माण कार्यलाई व्यवस्थित बनाईनेछ । भवन निर्माणमा स्थानीय मौलिक सँस्कृति र वास्तुकलाको संयोजन गरिनेछ । उद्योग तथा कलकाखानाबाट भईरहेको प्रदुषण न्यूनिकरणका लागि आवश्यक पहल गरिनेछ। अनुचित प्लटिङ्गलाई रोक्ने र अध्ययन तथा सम्भाव्ताका आधारमा स्वीकृति दिईनेछ ।

**माथि उल्लेखित शीर्षकहरुमा प्रदेश तथा संघीय सरकारबाट प्राप्त रकम थप हुनेछ ।**

**विशेष व्यवस्थाहरु**

- ✓ गाउँपालिकाको विकासको लागि अन्य स्थानीय तहसंग पनि समन्वय र सहकार्य गरी कार्यक्रम अगाडि बढाईनेछ ।
- ✓ प्रसौनी गाउँपालिकासंग स्थापित रहेको भगिनी सम्बन्धलाई निरन्तरता दिईनेछ ।
- ✓ व्यक्तिगत घटना लगायतका तथ्यांकहरु अद्यावधिक र व्यवस्थित गर्न सबै वडाहरुमा अनलाईन सेवा पूर्‍याईनेछ ।
- ✓ कार्यालयले प्रदान गर्ने सेवा चुस्त, दुरुस्त र सहज बनाईनेछ । भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शून्य शहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- ✓ कार्यालयको सवारी साधनहरु किफायति र व्यवस्थित रुपले संचालन गरिनेछ ।
- ✓ आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरी आन्तरिक लेखा प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- ✓ जनशक्ति विकास, संगठनात्मक संरचना, सूचनामैत्री कार्यसम्पादन र सेवाप्रवाह तथा सायानुकुल उपकरण बन्देवस्तका सामाग्री व्यवस्थापन गरिनेछ ।
- ✓ कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि, लागत, उपलब्धिमूक सूचक र आयोजना कार्यान्वयनको कार्ययोजना भदौ मसान्त भित्र स्वीकृत गरिसक्नु पर्ने व्यवस्था मिलाईनेछ ।
- ✓ वडास्तरबाट छनौट भई आएका योजनाहरु संचालनका लागि उपभोक्ता समितिलाई प्राथमिकता दिईनेछ । त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न उपभोक्ता समिति गठन गरी अशोज मसान्त भित्र सम्झौता गरिसक्नु पर्नेछ ।
- ✓ उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रम सम्बन्धित लाभग्राहीको दिगो विकास र अपनत्व बोध होस भनि १० प्रतिशत जनश्रमदान (नगद/श्रमदान) गर्नु पर्नेछ । काम प्रगति हेरी रनिङ्ग बिलको आधारमा भुक्तानी दिने व्यवस्था मिलाईएको छ ।
- ✓ यस परवानीपुर गाउपालिकामा निर्वाचित पदाधिकारीहरुको सेवा सुविधा प्रदेश सरकारले निर्णय गरे बमोजिम बजेट विनियोजन गरिएको छ र सो सुविधा प्रदेश सरकारको नीति निर्देशन अनुसार उपलब्ध हुनेछ ।
- ✓ गाउँकार्यपालिका, विषयगत समिति तथा ऐन नियम बमोजिम गठन भएका अन्य समितिको बैठक लगायत भत्ता नियमानुसार उपलब्ध बजेट बमोजिम निर्णय गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गरिएकोछ ।

CS CamScanner

- ✓ कार्यालयको सेवा प्रवाह प्रभावकारी र सुलभ बनाउन कार्यालय समय अघि र पछि समेत खटिने कर्मचारीको मनोबल उच्च राख्न विगतमा गरिएको उत्प्रेरणालाई निरन्तरता दिँदै आ.व. २०७८/०७९ का लागि गाउँकार्यापालिका तथा वडा कार्यालमा खटिने कर्मचारीहरुलाई गाउपालिकाको आन्तरिक आम्दानीबाट व्यवस्था हुनेगरी प्रोत्साहन भत्ता नियामानुसार कार्यपालिकाले निर्धारण गर्न सक्नेछ ।
- ✓ न्यायिक समिति सम्पादन गर्ने क्रियाकलापलाई सहज बनाउन कार्यरत कनुनी सल्लाहकारको म्याद थप तथा अन्य कानुनी सल्लाहको लागि थप १ जना कानुनी सल्लाहकार नियूक्त गरिनेछ ।
- ✓ न्यायिक समितिसंग सम्बन्धित कार्यको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**उपस्थित सभासदस्यज्यूहरु :**

अब म अनुमानित आय, व्यय र श्रोत व्यवस्थापनसम्बन्धी योजना प्रस्तुत गर्दछु। नेपालको संविधानको अनुसूची - ८ मा व्यवस्था भए बमोजिमको अधिकारबाट प्राप्त रकम, वित्तिय समानीकरण अनुदान, विषयगत शसर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, प्राकृतिक स्रोतको रोयल्टी, आन्तरिक आय, ऋण, सामाजिक सुरक्षा भत्ता बापतको अनुदान, सडकबोर्ड नेपाल तथा गत वर्षको मौज्दात लगायत अन्य निकाय बाट प्राप्त हुने रकमका कारण विगतको बजेटको आकार भन्दा आ.व. २०७८।०७९ को अनुमानित बजेटमा केहि वृद्धि भएको छ ।

**उपस्थित सभासदस्यज्यूहरु,**

अब म आ.व.२०७८/०७९ का लागि राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

- पछिल्ला वर्षहरुमा आन्तरिक स्रोत परिचालन उत्साहजनक नभएकोले विकास निर्माणका गति तथा लक्ष्य प्राप्तिकालागि आवश्यक स्रोत जुटाउन राजस्वको वर्तमान वृद्धिदर कोरोना महामारीका कारण आर्थिक क्षेत्रमा परेको प्रभावका कारण बढाउने अवस्था पनि छैन । करका दर तथा दायरा एवं करका नयाँ क्षेत्र पहिचान गरी गत आ.व. कै करका दरहरु कायम गरिएको छ ।
- श्रावण महिना देखि नै कायम गरिएका राजस्वका दरहरु आ.व.२०७७/७८ का लागि कायम गरिएको छ ।
- राजस्व परिचालन वृद्धिका लागि आवश्यक सचेतनामुलक तथा घुम्ती टोली कार्यक्रम संचालनमा ल्याइनेछ ।
- हरेक वडामा विधुतीय बिलिङ्ग प्रणाली लागू गर्न प्रयास गरिनेछ ।
- करदाता शिक्षा अभिवृद्धि गरिनेछ ।
- गाउपालिका भित्र सम्पूर्ण व्यवसायलाई कानूनी रुपले दर्ता प्रक्रियामा ल्याइनेछ ।
- साझा अधिकार क्षेत्रका सवालमा संघ र प्रदेशसंग आवश्यक समन्यव र सहकार्य गरिनेछ ।

**उपस्थित सभासदस्यज्यूहरु :**

यस बजेटको कार्यान्वयनबाट गाउपालिका भित्रका विकासका गतिविधिले गति प्राप्त गरि आर्थिक उपकरणहरु चलायमान हुनेछन । ग्रामीण सडकहरु मर्मत भई शहर सडकसंग जोडिने छन् । मातृ, शिशु मृत्युदरमा कमि आउने छ । गाउँ गाउँमा सेवा प्रवाह भई सेवाग्राही परवानीपुर आउनु पर्ने बाध्यताको अन्त्य हुनेछ ।

**निर्णय नं. २**

CamScanner

परवानीपुर गाउपालिकाको आ.व. २०७८/०७९ को लागि विभिन्न श्रोतबाट प्राप्त अनुदान तथा आन्तरिक आम्दानी समेतलाई आधार मानी वडास्तरीय, गाउपालिका स्तरीय, विषयगत तथा शशर्त अनुदान सहित रु. ४२ करोड ३९ लाख १९ हजार ९९७ र पैसा ५० को बजेट सर्वसम्मतिबाट स्वीकृत गरियो ।

**निर्णय नं. ३**

आ.ब.२०७७।०७८ मा परवानीपुर गाउँपालिकाले कार्यालय ब्यवस्थापन संचालन तथा भौतिक पुर्वाधार एवं विकास निर्माणका कार्यहरु लगायत सामाजिक विकास कार्यक्रम समेतमा भए गरेका कार्यहरु नियमानुसार भएकोले आ.ब. २०७७।०७८ को यथार्थ आय व्यय विवरण पारित गरियो ।

**निर्णय नं.४**

आ.ब.२०७७।०७८ को अषाढ मसान्त सम्म भए गरेका खर्चहरु गाउँपालिकाले पारित गरेका बिनियोजन ऐन, २०७७ बमोजिम भएकोले सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**निर्णय नं. ५**

यस गाउपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिकामा रहेका पुराना टुटेफुटेका तथा विग्रेका समाग्रीहरुको जिन्सी लगतबाट धुल्याउने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाका लागि आवश्यक पर्ने तपसिल अनुसार विधेयक तथा निर्देशिकाहरु गाउसभाबाट पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

- ✓ आर्थिक विधेयक, २०७८
- ✓ विनियोजन विधेयक, २०७८
- ✓ वैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७८

**निर्णय नं. ८**

यस गाउपालिकाबाट नियमानुसार कार्य सम्झौता गरी काम सम्पन्न गरेर पनि कुनै कारणवश भुक्तानी नपाएका वा म्याद थप भई नियमित कार्यमा रहेका फर्म, कम्पनी, संघसंस्था वा उपभोक्ता समितिका योजनाहरुको दायित्व सिर्जना गरी आ.व. २०७८/०७९ मा नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

CS CamScanner

**निर्णय नं. ९**

यस गाउँ सभा पछि अर्को गाउँ सभा नहुन्जेलसम्मका लागि कुनै पनि निर्णय लिनुपर्ने भएमा गाउँकार्यपालिकाले निर्णय अनुसार गर्न गराउन सक्नेछ ।

**निर्णय नं. १०**

यस गाउँपालिकाको तर्फबाट अदालत वा कुनै पनि निकायमा प्रतिनिधित्वको लागि गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारी वा कर्मचारीलाई प्रतिनिधित्व गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस परवानीपुर गाउँपालिकामा जिल्ला तथा प्रदेश स्थित विभिन्न निकायबाट नियमानुसार कामकाज गर्न खटिई आएका जनशक्तिलाई आवश्यकता र बजेटको आधारमा प्रचलित नियमानुसार निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

परवानीपुर गाउँपालिका स्थित ऐलानी, सार्वजनिक, गुठी वा पर्ति जग्गाको विवरण अद्यावधिक गर्न सरोकारवालाहरुको रोहवरमा अमिन खटाई गाउँकार्यपालिकाले व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

गाउँपालिकामा रहेका बाँकी बक्यौता र पेश्की रकम पेश्की फछर्यौट समिति गठन गरी तल उल्लेखित गरे बमोजिम गर्ने गराउने निर्णय गरियो ।

- ✓ पेश्की सम्वन्धी कार्यको अनुगमन मूल्यांकन गर्ने गराउने ।
- ✓ मुनासिब ठहरेको अवस्थामा रितपूर्वक फछर्यौट गर्ने गराउने ।
- ✓ मुनासिब नठहरे पेश्की फछर्यौट ताकेताको लागि ३५ दिने समय सिमा सहितको पत्राचार गर्ने गराउने ।
- ✓ पत्राचारलाई अवहेलना गरेको पाईएमा गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित गर्ने गराउने ।
- ✓ गाउँपालिकाको अवहेलना गरेको अवस्थामा कानुन बमोजिम असुल उपर गर्ने गराउने ।

निर्णय नं. १४

गाउँपालिका भित्र स्थित विद्यालयहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन बाँकी रहेका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने र गठन भई सकेका विद्यालयहरुको व्यवस्थापन समिति तथा गाउँपालिका स्तरीय शिक्षा समितिलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

गाउँपालिका स्थित बाटो घाटो फराकिलो गर्न र आकस्मिक मरम्मत कार्य गर्न निवेदन पश्चात लागत ईस्टिमेट अनुसार गर्न गराउन आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

CamScanner

निर्णय नं. १६

आ.व. २०७७/०७८ मा भुक्तनी गर्न बाँकी रहेका रकम आ.व. २०७८/०७९ मा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

गाउँपालिकाको स्वीकृति विना घर बनाईएको सूचना प्राप्त भएमा निर्माण कार्य स्थगित गराउन निर्णय गरियो ।

निर्णय नं. १८

संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयबाट प्राप्त कर्मचारीको दरबन्दी तेरिज अनुसारको कर्मचारीको हकमा नेपाल सरकारको नियानुसार तथा करार सेवाका कर्मचारीहरुको हकमा गाउँपालिकाले तोकेको र करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराउने र उमेरको हद पुगेका कर्मचारीलाई सम्मान र विदाई गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

यस परवानीपुर गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा विभिन्न विषयगत अपुग शिक्षक भर्नाका लागि रकम विनियोजन गरी खुल्ला सूचना मार्फत आवश्यक प्रकृया पुरा गरी भर्ना गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

यस परवानीपुर गाउँपालिकाका लागि विभिन्न श्रोतबाट प्राप्त तथा भविष्यमा आउन सक्ने रकमको आधारमा तयार गरिएको अनुमानित कुल बजेटको रकममा सम्बन्धित निकायको निर्णय अनुसार बजेट घट्न गएको खण्डमा कम प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमहरु कट्टा गर्ने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. २१

परवानीपुर गाउपालिकाको विभिन्न बाटो तथा स्थायी संरचना निर्माण गर्नका लागि प्राप्त हुने वित्तिय श्रोत न्यून रहेकोले आवश्यक अध्ययन गरी सम्बन्धित साझेदार निकायहरुसँग पहल तथा सम्झौता गर्नका लागि गाउँकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. २२

बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन बहुक्षेत्रिय पोषण निर्देशक समितिबाट तयार गरी कार्यपालिकाबाट स्वीकृत योजना अनुसार कार्यक्रम संचालन गर्न गाउँपालिकाबाट थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

CamScanner

योजनाहरुको प्रशासनिक तथा अनुगमन खर्चको लागि योजनाको लागतको ३% कन्टिन्जेन्सी कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

परवानीपुर गाउपालिकाले स्वीकृत गरेको ऐनहरुको अधिनमा रही आवश्यक नियमावली, कार्यविधि तथा विधेयक बनाउन सकिने निर्णय गरियो ।

निर्णय नं. २५

गाउँपालिकाको सूचना प्रकाशन तथा प्रचार प्रसारको लागि एफ.एम. रेडियोहरुसंग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

परवानीपुर गाउपालिकाको कर्मचारी संगठन संरचना संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयले उपलब्ध गराए बमोजिम हुने निर्णय गरियो र कार्यालयलाई आवश्यक रहेको एक जना अमिन तथा ५ वटै वडामा ५ ओभरसियर, १० स्वीपर, ५ ईलेक्ट्रीसियन सेवा करारमा भर्ना गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

गाउँपालिका क्षेत्र भित्र हुने घटना दर्ता तथा पञ्जिकरणका कार्यहरु गाउँवासीलाई नजिकबाट सेवा प्रदान गर्ने उद्देश्य अनुरुप प्रत्येक वडाबाट नै घटना दर्ता तथा पञ्जिकरणका कार्यलाई अनलाईन प्रणालीसँग आवद्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

यस परवानीपुर गाउँपालिकाको नागरिक वडा पत्र (डिजिटल/लिखित ) नियामानुसार यथाशीघ्र लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

यस परवानीपुर गाउपालिकाको संगठन संरचना संघीय र प्रदेश सरकारद्वारा उपलब्ध गराए बमोजिम हुने र अन्य विषयगत कार्यालयवाट खटिई आएका कर्मचारीहरुलाई गाउँपालिकाले कार्यक्षेत्र अनुसार खटाउने र परवानीपुर गाउँपालिकामा साविक दरबन्दीमा कार्यरत कर्मचारीलाई गाउँपालिकामा समायोजन गरी प्रशासनिक संरचना व्यवस्थापन गर्ने गरियो ।

निर्णय नं. ३०

सवै वडा समितिको निर्णयबाट आ.व. २०७८/०७९ को लागि योजना माँग भई आए अनुसार यस गाउँ सभाले योजना बैंकको रुपमा अनुसूचीमा समावेश गरेको छ तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र

CamScanner

कार्यक्रमलाई प्रदेश, संघीय सरकार वा अन्य विकास साझेदार निकायसँगको सझोदारीमा प्राथमिकताका आधारमा संचालन गरी क्रमशः वडावासीहरुका माँग सम्बोधन गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं. ३१

सार्वजनिक निजी सझेदारीको माध्यमबाट गाउँ क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्ने । सोका लागि सार्वजनिक शौचालय निर्माण अभियान शुरु गर्न विभिन्न निकायसंग सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

यस गाउँपालिका क्षेत्रमा संचालित विकास योजना तथा विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि गाउपालिका आवश्यक वस्तु तथा सेवाको गाउँ दर रेटको हकमा पालिकाको आफ्नो दर रेट तयार नभएसम्मको लागि जिल्ला दर रेटलाई आधार मानी कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले अधिकार प्रयोग गरी यस गाउँपालिकाको सम्मुन्नत विकासका लागि प्रसौनी गाउपालिकासंग स्थापित गरिएको भंगिनी सम्वन्धलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ३४

परवानीपुर गाउँपालिकामा जन्मी हुर्की देश विदेशका विभिन्न क्षेत्रमा ख्याति हासिल गर्न सफल भएका तथा विषयगत क्षेत्रमा विज्ञता हासिल गरी पहिचान बनाउन सफल भएका साथै परवानीपुर गाउँपालिकालाई माया र सहयोग गर्न चाहने व्यक्तित्वहरुको रोष्टर निर्माण गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३५

यस परवानीपुर गाउँपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले यस गाउँ क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु गाउपालिकाले स्वीकृत गरे पश्चात संचालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. ३६

दुई वा दुई भन्दा स्थानीय तहलाई प्रत्यक्ष फाईदा पुग्ने योजना संचालन गर्न आवश्यक समन्वय गर्न गाउँ कार्यपालिकालाई अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३७

परवानीपुर गाउँपालिका भित्र संचालनमा रहेका ठूला योजनाहरु गाउँपालिकाले समय समयमा समन्वय, अनुगमन र राय सल्लाह दिई उक्त आयोजनाहरुलाई प्रभावकारी रुपमा संचालन गर्न व्यवस्था मिलाउने निर्णय गरियो ।

CS CamScanner

निर्णय नं. ३८

परवानीपुर गाउँपालिकाको आ.व. २०७८/०७९ मा स्वीकृत बजेटमा व्यवस्था भए बमोजिमको रकमबाट खरीद गर्नुपर्ने निर्माण सामाग्री, सेवा तथा वस्तुहरुको खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ३९

परवानीपुर गाउँपालिकाद्वारा आ.व. २०७८/०७९मा संचालन हुने विकास निर्माण आयोजनाहरुको वार्षिक कार्यक्रम तथा बजेट बमोजिमको कार्ययोजना सहितको कार्यतालिका स्वीकृत गर्न गाउँकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ४०

परवानीपुर गाउँपालिकाको क्षेत्र भित्र आवश्यक पर्ने समिति तथा उपसमितिहरु गठन गरी संचालनमा ल्याउने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. ४१

परवानीपुर गाउँपालिका कार्यालयको गत विगत आ.व.मा सम्पन्न भएका अन्तिम लेखापरिक्षण प्रतिवेदनमा औल्याईएका बेरुजूहरुको समपरिक्षण तथा नियमित गर्ने काम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२

उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि निश्चित अवधिको सूचना दिई गा.पा.द्वारा वडा कार्यालयमा उपभोक्ता समिति गठन गर्न र सम्झौताका लागि जानकारी दिने र तोकिएको समयमा सम्झौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय न.. ४३

परवानीपुर गाउँपालिकाको सवै वडाका ठेक्का लाग्न सक्ने पोखरी, हाटबजारहरुको यथाशीघ्र ठेक्का बन्दोवस्त गर्न प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४४

